# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, माघ १० गते, २०८१ साल (संख्या ५०

## भाग ३

## नेपाल सरकार

## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको

## सूचना

### सवारी तथा यातायात व्यवस्था (दशौं संशोधन) नियमावली, २०८१

सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १७९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरुको नाम "सवारी तथा यातायात व्यवस्था (दशौं संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम २०क. मा संशोधन**: सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम २०क. को सट्टा देहायको नियम २०क. राखिएको छः-

"२०क. **विद्युतीय परिचयपत्रको रुपमा दिनु पर्ने**: नियम २० बमोजिम दिइने चालक अनुमतिपत्र विद्युतीय परिचयपत्र (इलेक्ट्रोनिक स्मार्ट कार्ड वा क्यूआर कोड सहितको कार्ड) को रुपमा दिनु पर्नेछ।"

**आज्ञाले,**
**केशव कुमार शर्मा**
**नेपाल सरकारको सचिव।**

मुद्रण विभाग,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।